# ‘ठन्टी काकी’ कथामा लैङ्गिक उत्पीडन

हेमबहादुर भण्डारी
उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय
इमेल : suvabihani.mirmire@gmail.com

**लेखसार**

*पितृसत्तात्मक सङ्कथनमार्फत निर्मित प्रभुत्व तथा लैङ्गिक अधीनस्थता ‘ठन्टी काकी’ कथाको अन्तर्वस्तु हो । यस कथामा लैङ्गिक उत्पीडनको प्रक्रिया र कारण प्रस्तुत गरिएको छ । यसमा निम्नवर्गीय अवस्थाका कारण नारीमाथि भएको उत्पीडन र त्यसका पृष्ठभूमिमा निर्मित सामाजिक जटिलताको विषय उठान गरिएको छ । लैङ्गिक उत्पीडनको स्वरूप र प्रक्रिया यस कथाका मुख्य अनुसन्धेय पक्षहरू भएकाले प्रस्तुत लेखमा यिनै विषयलाई प्राज्ञिक समस्याका रूपमा अघि बढाइएको छ । लैङ्गिक उत्पीडनको स्वरूप र प्रक्रिया विश्लेषण तथा मूल्याङ्कन गर्ने उद्देश्यका साथ अघि बढाइएको यस अध्ययनमा वर्गीयता, पितृसत्ता, पितृसत्तात्मक सङ्कथन, सामाजिक शासनव्यवस्था र सामाजिक कुसङ्केतनजस्ता लैङ्गिक उत्पीडनका सूचकहरूलाई कृतिविश्लेषणको आधार बनाइएको छ । यसमा वर्गीयता, पितृसत्ता र सामाजिक शासनव्यवस्थाका पृष्ठाधारमा विकसित दमन, हिंसा र अन्यायलाई लैङ्गिक उत्पीडनको कारणका रूपमा विश्लेषण गरी यिनीहरूलाई उत्पीडन प्रक्रियाका उत्प्रेरकका रूपमा चिनाइएको छ । यसका साथै यस अध्ययनमा वर्गीयता सिर्जित असमानताका साथै पितृसत्तालाई लैङ्गिक उत्पीडनको प्रमुख कारणका रूपमा औँल्याइएको छ । प्रस्तुत लेखमा तत्कालीन नेपाली समाजका नारीको अधीनस्थ अवस्थाको समीक्षा गरी उनीहरूको असङ्गठित र कमजोर प्रतिरोध नै लैङ्गिक प्रभुत्वको कारण हो भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : अधीनस्थता, पितृसत्ता, लैङ्गिक, वर्गीयता, सङ्कथन

## विषयपरिचय

रमेश विकल (१९८५-२०६५) नेपाली साहित्यका कथाकार तथा उपन्यासकार व्यक्तित्व हुन् । उनले प्रगतिवादी विचारधारालाई सिर्जनाको आधारभूमि बनाएका छन् । विकलले नेपाली समाजको वर्गीय जनजीवन र त्यसका असमानतालाई कथामा प्रस्तुत गरेका छन् । उनले वर्गद्वन्द्वको प्रस्तुतिमार्फत निम्नवर्गका उन्मुक्तिका पक्षमा आवाज उठाएका छन् । नारीका समस्याहरू अभिव्यक्त गरी विकलले वर्गीयता नै लैङ्गिक उत्पीडनको मुख्य कारण हो भन्ने विचार व्यक्त गरेका छन् । उनका *बिरानो देशमा* (२०१६), *नयाँ सडकको गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा* (२०२५), *उर्मिला भाउजू* (२०३५), *शव, सालिक र सहस्र बुद्ध* (२०४३), *हराएका कथाहरू* (२०५५) जस्ता कथाकृति नेपाली साहित्यका भण्डारमा सुरक्षित छन् । *हराएका कथाहरू* कृतिमा सङ्गृहीत 'ठन्टी काकी' कथामार्फत विकलले वर्गीय जनजीवनको पृष्ठभूमि प्रस्तुत गरी लैङ्गिक उत्पीडनको अवस्था र कारण पहिल्याएका छन् । सामाजिक कुसङ्केतनलाई पृष्ठभूमिमा राखी पितृसत्ताले निर्माण गरेको सङ्कथनलाई उनले लैङ्गिक उत्पीडनको एक प्रमुख कारण हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यस कथामा उनले लैङ्गिक उत्पीडनको प्रक्रिया र शैली चिनाएका छन् । विकलका कथालाई लिएर गरिएका अध्ययन-अनुसन्धानमा लैङ्गिक उत्पीडनको प्रक्रिया र शैलीसम्बद्ध विषय सम्बोधन भएको पाइँदैन । यसै प्राज्ञिक रिक्ततालाई पृष्ठभूमिमा राखी प्रस्तुत लेखमा विकलका कथामा देखिएको लैङ्गिक उत्पीडनको स्वरूप र प्रक्रियालाई मुख्य समस्याका रूपमा चयन गरिएको छ । लैङ्गिक उत्पीडनको स्वरूप र प्रक्रिया विश्लेषण गरी विकलका कथामा अभिव्यक्त समाजमा नेपाली नारीको अवस्था निरूपण गर्ने उद्देश्यमा केन्द्रित प्रस्तुत लेखमा वर्गीयता, पितृसत्ता, पितृसत्ता सिर्जित सङ्कथन, सामाजिक शासनव्यवस्था, सामाजिक कुसङ्केतनजस्ता लैङ्गिक उत्पीडनका सूचकहरूलाई विश्लेषणको आधारका रूपमा प्रयोग गरी तत्कालीन नेपाली ग्रामीण समाजका नारीको अवस्था निरूपण गरिएको छ । यसका साथै यस अध्ययनमा पितृसत्ताका कारण अधीनस्थ बन्न पुगेका नारीको अवस्थासमेत मूल्याङ्कन गरिएको छ । विकलको *ठन्टी काकी* कथामा वर्गीयता, पितृसत्ता, पितृसत्तात्मक सङ्कथन, सामाजिक शासनव्यवस्था, सामाजिक कुसङ्केतन र प्रतिरोधलाई विश्लेषणको आधार बनाई लैङ्गिक उत्पीडनको अवस्था विश्लेषण गर्नु तथा यस कथामा वर्णित समाजमा नारीको अवस्था मूल्याङ्कन गर्नु नै प्रस्तुत लेखको सीमा हो । नेपाली समाजमा नारीको अवस्था विश्लेषण तथा मूल्याङ्कन गर्नु नै यस अध्ययनको औचित्य र उपादेयता हो ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा रमेश विकलको *ठन्टी काकी* कथालाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ । लैङ्गिक अध्ययनको सैद्धान्तिक पृष्ठाधारमा रही लैङ्गिक उत्पीडनका आधारहरू पहिचान गर्नका लागि यससँग सम्बन्धित शोधप्रबन्ध, अनुसन्धानग्रन्थ, लेख, समीक्षा र समालोचनालाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी सामग्री सङ्कलनको माध्यम पुस्तकालयकार्यलाई बनाइएको छ । कथामा अभिव्यक्त सामाजिक परिवेशमा देखिएको लैङ्गिक उत्पीडनको अवस्था मूल्याङ्कन गर्नका लागि विश्लेषणको आधार निर्माण गरिएको छ । यस कार्यलाई पूर्णता दिनका लागि वर्गीयता, पितृसत्ता, सामाजिक शासनव्यवस्था, पितृसत्तात्मक सङ्कथन, सामाजिक कुसङ्केतनजस्ता लैङ्गिक उत्पीडनका सूचकहरूलाई लैङ्गिक उत्पीडनको स्वरूप

र प्रक्रिया विश्लेषणको मानदण्डका रूपमा प्रयोग गरिएको छ । विश्लेष्य कथाको सूक्ष्म पठनपछि विश्लेषणका लागि चयन गरिएका मानदण्डको प्रयोग गरी विश्लेषणात्मक पद्धतिसमेत अनुसरण गरेर कथामा अभिव्यक्त तत्कालीन नेपाली समाजका नारीको अवस्था मूल्याङ्कन गरिएको छ ।

## लैङ्गिक उत्पीडनको सैद्धान्तिक पर्याधार

लिङ्ग जैविक विषय हो भने लैङ्गिकता समाजद्वारा निर्मित विषय हो । जैविक अवस्थालाई लिएर समाजमा निर्माण भएको दृष्टिकोण तथा व्यवहार लैङ्गिकताको क्षेत्रभित्र पर्छ । लैङ्गिक विषय/विभेद सामाजिक सांस्कृतिक निर्मिति हो । यो मूलतः नारीमाथि गरिने दमन, उत्पीडन र शोषणको सामाजिक-सांस्कृतिक स्वरूप हो । यसले लैङ्गिक मुद्दा र लैङ्गिकताको अध्ययन गर्छ र त्यसलाई लैङ्गिक सचेतताका आधारमा विश्लेषण गर्ने कार्य गर्छ (भट्टराई, २०६८, पृ. २६९-२७०) । नारीमाथि हुने सामाजिक तथा सांस्कृतिक उत्पीडनको विषयलाई लैङ्गिकताको विषयगत सन्दर्भमा समेटिन्छ । नारीको सामाजिक तथा सांस्कृतिक पहिचानको विषयलाई लैङ्गिक अध्ययनका माध्यमबाट विश्लेषण तथा मूल्याङ्कन गरिन्छ । शारीरिक बनावटको भिन्नताका आधारमा महिला र पुरुषले गर्ने कामको बाँडफाँड, उनीहरूबिचको शक्तिसम्बन्ध र सामाजिक-सांस्कृतिक मान्यता नै लैङ्गिकता हो (पाण्डे, २०६९, पृ. ९) । नारीको सामाजिक तथा सांस्कृतिक उपस्थितिलाई लैङ्गिकताको अवधारणामा समेटी विश्लेषण तथा मूल्याङ्कन गरिन्छ । लैङ्गिकता सामाजिक-सांस्कृतिक सन्दर्भमा निर्मित हुन्छ । यसले पुरुषत्व र स्त्रीत्वसम्बन्धी मूल्य, मान्यता, धारणा, व्यवहार, भूमिका तथा उत्तरदायित्व, गुण, स्वभाव आदिलाई बोध गराउँदछ (ज्ञवाली, २०७३, पृ. ४८) । जैविक लिङ्गलाई आधार बनाई नारी र पुरुषलाई सामाजिक हैसियत प्रदान गरिन्छ । यस्तो सामाजिक हैसियतमाथि स्वतन्त्र चिन्तनको अभ्यास लैङ्गिक अध्ययनको क्षेत्र हो । लैङ्गिक अध्ययनले नारी र पुरुषलाई भिन्न दृष्टिकोणले हेर्ने विभेदकारी व्यवहार गर्ने सामाजिक प्रचलनका विरुद्ध आवाज उठाउँदै न्यायपूर्ण समाजको स्थापनामा जोड दिन्छ (घिमिरे, २०७८, पृ. १२२) । लैङ्गिक अध्ययनमा नारी र पुरुषलाई प्राप्त जैविक पहिचानसित सामाजिक तथा सांस्कृतिक अभ्यासको विषय जोडी त्यसैका आधारमा निर्माण हुने पहिचानसम्बद्ध सङ्कथन र त्यसले सिर्जना गरेको सामाजिक परिपाटीका विषयमा विमर्श गरिन्छ ।

लैङ्गिकता सामाजिक तथा सांस्कृतिक अभ्यासमा आधारित विषय हो । यसलाई सामाजिक क्रियाकलापले प्रत्यक्ष प्रभाव पार्छ । हमलाई उद्धृत गर्दै जरिया मोहम्मद जान (सन् २०१७) ले समाजमा सांस्कृतिक रूपाकृतिको प्रक्रिया निरन्तर चलिरहने धारणा राखेका छन् । उनले जेन्डर अस्थिर तथा बहुमुखी र विभाजित विषय हो भन्दै यो पुरुषको वर्चस्व र लैङ्गिक समताजस्ता सामाजिक सङ्कथनमार्फत अघि बढ्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । उनले जेन्डरलाई सार्वजनिक छलफलजस्तो सन्दर्भमार्फत उत्पादन हुने सामाजिक अभ्यासको परिवर्तनशील विषयका रूपमा चिनाएका छन् । लैङ्गिक प्रभुत्वको सिद्धान्तमा शक्तिको वितरणसम्बन्धी सामाजिक पद्धतिलाई विश्लेषण गरिन्छ भन्ने मान्यता प्रस्तुत गर्दै उनले महिलाको अभिव्यक्तिमा उनीहरूको अधीनस्थ अवस्था प्रतिबिम्बित हुने मान्यता अघि सारेका छन् । उनले यस सिद्धान्तमा दैनिक अन्तरक्रियाबाट असन्तुलित शक्तिसम्बन्ध कसरी आर्जन गरिन्छ भन्ने विषय विश्लेषित हुने तर्क राखेका छन् (पृ. १२३-१२६) । उनले नारीको सामाजिक-सांस्कृतिक अधीनस्थताको अध्ययन जेन्डरको विषयक्षेत्रमा पर्ने धारणा प्रस्तुत गरेका छन् । यसबाट लैङ्गिक उत्पीडन लैङ्गिक अध्ययनको विषय हो भन्ने प्रस्ट हुन्छ ।

लैङ्गिक उत्पीडन लिङ्गका आधारमा गरिने हिंसाको विषय हो । सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा कसैप्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्यलाई लैङ्गिक उत्पीडन मानिन्छ । लिङ्गका आधारमा हुने कुनै पनि प्रकारको अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रूपमा महिला, पुरुष वा तेस्रो लिङ्गीलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै पनि कार्य यसैभित्र परेका हुन्छन् (शर्मा, २०७९, पृ. ६१) । यो लैङ्गिक उपस्थितिलाई आधार बनाई गरिएको व्यवहार र त्यसका कारण सम्बन्धित पक्षमा पर्न गएको दबाब तथा तनावको अवस्था हो । यो लिङ्गलाई आधार बनाई सामाजिक तथा सांस्कृतिक रूपमा अधीनस्थ बनाउने प्रक्रिया हो । पितृसत्तात्मक समाजमा पुरुषद्वारा महिला तथा तेस्रो लिङ्गी अधीनस्थ बनाइन्छन् । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषद्वारा महिलाका इच्छाविपरीत हुने मानसिक तथा शारीरिक हिंसालाई उत्पीडन भनिन्छ (पुन, २०७७, पृ. ४३) । कुनै पनि पुरुषबाट स्त्रीमाथि वा कुनै पनि स्त्रीबाट पुरुषमाथि गरिने विभिन्न दुर्व्यवहारहरूलाई लैङ्गिक हिंसा भनिन्छ । पितृसत्तात्मक समाजका कारणले विश्वमा अधिकांश समाजका पुरुषले महिलामाथि अनेकौं दुर्व्यवहारहरू गरिरहेकाले लैङ्गिक हिंसा भनेको महिला हिंसाको पर्याय बनेको देखिन्छ । तर पुरुष वा पितृसत्तात्मक सोच भएका व्यक्तिले महिलामाथि गर्ने नराम्रो व्यवहार तथा महिला वा मातृसत्तात्मक सोच भएका व्यक्तिले पुरुषमाथि गर्ने नराम्रो व्यवहार र पृथक् लिङ्गी यौनिकता भएका व्यक्तिहरूले समलिङ्गी यौनिकता भएका व्यक्तिहरूमाथि गर्ने नराम्रो व्यवहारलाई समेत लैङ्गिक हिंसाको दायरामा राख्नुपर्ने हुन्छ (खनाल, २०७१, पृ. १०३) । लैङ्गिक उत्पीडन जुनसुकै लिङ्गका व्यक्तिले अन्य लिङ्गमाथि प्रभुत्व कायम गर्ने परिपाटी हो । नेपाली समाजका सन्दर्भमा लैङ्गिक उत्पीडन पितृसत्ताले अन्य लिङ्गीमाथि कायम गरेको प्रभुत्वको अवस्था हो । नेपाली समाजमा विद्यमान लैङ्गिक दमन तथा यसको स्वरूप र कारणमाथि टिप्पणी गर्ने क्रममा रमेश भट्टराई (२०७७) लेख्छन् :

> समाजमा पुरुष र महिलाको भिन्नभिन्न लैङ्गिक भूमिकाका कारण बन्ने संस्थागत स्वरूपले महिलामाथिको दमनलाई बढाएको छ भने त्यसले महिलाको शारीरिक र मानसिक तथा श्रमको शोषण गर्न उपयुक्त अवस्था पनि सिर्जना गरिदिएको छ । महिलामाथि दमनको मूल स्रोत पितृसत्ता हो र पितृसत्ताले सिर्जना गरेका सामाजिक-सांस्कृतिक मूल्यकै कारण महिलामाथि दमन र शोषण भएको छ । यसबाहेक जातिवाद, पुँजीवाद र उपनिवेशवादका कारण पनि लैङ्गिक शोषण हुने गरेको छ । समाजका विभिन्न संस्थाहरू परिवार, जाति व्यवस्था, जनजातीयतामा पनि दमन हुन्छ तापनि लैङ्गिक दमन पुरुषले महिलालाई गर्ने दमन नै हो । (पृ. १३६)

सामाजिक संस्थामा नारीको लैङ्गिक भूमिका, पितृसत्ता सिर्जित सामाजिक-सांस्कृतिक मूल्य, जातिवाद, पुँजीवाद, उपनिवेशवाद आदिलाई भट्टराईले लैङ्गिक उत्पीडनको कारणका रूपमा चिनाएका छन् । उनले लैङ्गिक उत्पीडनलाई पुरुषले महिलामाथि गर्ने उत्पीडनको विषयका रूपमा विश्लेषण गरेका छन् । नेपाली समाजका सन्दर्भमा पितृसत्ताका कारण सिर्जना भएको नारीमाथिको दमन नै लैङ्गिक उत्पीडन हो भन्ने मान्यता उनले अघि सारेका छन् ।

पितृसत्ताले नारीमाथि सिर्जना गरेको विभेदजन्य हिंसाका अनेक विषयहरू नेपाली समाजका सन्दर्भमा लैङ्गिक उत्पीडनको मुख्य कारण बन्न पुगेको देखिन्छ । यसका साथै सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिकजस्ता अन्य विषयहरू पनि लैङ्गिक उत्पीडनको आधार र कारण बन्न पुगेको

देखिन्छ । यी सबै विषयलाई पितृसत्ताले दिशानिर्देश गरेको हुन्छ । जेन पिल्चर र इमेल्डा ह्वेलहान (सन् २००४) ले कट्टर विचारधाराका नारीवादीहरूले शक्तिलाई पितृसत्ताको पर्यायका रूपमा परिभाषित गर्दै हाम्रो सांस्कृतिक मान्यतामा अधिकारबाट वञ्चित गरिएको भनिएका पुरुषले पनि जुनसुकै ओहोदा र अवस्थाका महिलाले पाउनेभन्दा विशिष्ट प्रकृतिको अधिकारसहित शक्तिमा पहुँच राखेका हुन्छन् भन्ने मान्यता प्रस्तुत गरी लैङ्गिक उत्पीडनको समीक्षा गरेका छन् (पृ. ११६) । पितृसत्ताद्वारा निर्मित सङ्कथनमार्फत सामाजिक शासनव्यवस्था निर्देशित भई लैङ्गिक उत्पीडनको प्रक्रिया अघि बढ्दछ । सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाबाट त महिलाहरू शोषित छन् नै । एउटै घरभित्र आफ्नै नातेदारबाट समेत घरभित्रका महिलाहरू शोषणको सिकार भएको देख्न सकिन्छ । त्यसैले लैङ्गिक शोषणका लागि राज्यको शक्तिमात्र होइन, वर्गीयता र पुरुषप्रधानता पनि जिम्मेवार देखिन्छ (भण्डारी, २०७२, पृ. १०१) । वर्गीयता लैङ्गिक हिंसाका लागि एक जिम्मेवार विषय हो । उच्चवर्गले निम्नवर्गीय नारीमाथि पुँजीको प्रयोगका माध्यमबाट हिंसाको प्रक्रियालाई सहजै अघि बढाउन सक्दछन् । पितृसत्तात्मक समाजमा वर्गीयताले सिर्जना गर्ने शक्तिसम्बन्धका कारण लैङ्गिक उत्पीडनको अस्तित्व मजबुत बन्दछ ।

प्रस्तुत लेखमा लैङ्गिक अध्ययनको सैद्धान्तिक मान्यताका आधारमा लैङ्गिक उत्पीडनको सामाजिक तथा सांस्कृतिक आधार विश्लेषण गरिएको छ । यस क्रममा वर्गीयता, पितृसत्ता, पितृसत्तात्मक सङ्कथन, सामाजिक शासनव्यवस्था र सामाजिक कुसङ्केतनजस्ता लैङ्गिक उत्पीडनका सूचकहरूलाई कथामा अभिव्यक्त लैङ्गिक उत्पीडनको अवस्था विश्लेषणको मानदण्डका रूपमा प्रयोग गरी तत्कालीन समाजका नारीको अवस्था सार्वजनिक गरिएको छ । यसका साथै लैङ्गिक उत्पीडनको कारणमाथि विमर्श गरी विश्लेष्य कथामा अभिव्यक्त सामाजिक परिवेशमा नारीमार्फत प्रकटित प्रतिरोधको समेत मूल्याङ्कन गरिएको छ । लैङ्गिक उत्पीडनको सैद्धान्तिक अवधारणाका आधारमा कथामा प्रस्तुत भएको नेपाली समाजका नारीको अवस्था निरूपण गरिएको छ ।

## नतिजा र विमर्श

प्रस्तुत कथामा सामाजिक कुसङ्केतनलाई पृष्ठभूमिमा राखी पितृसत्ताले निर्माण गरेको सङ्कथन र त्यसका आधारमा विस्तारित लैङ्गिक उत्पीडनको प्रक्रियालाई विश्लेषण गरिएको छ । यसमा पितृसत्तालाई लैङ्गिक उत्पीडनको प्रमुख कारणका रूपमा चिनाइएको छ । लैङ्गिक उत्पीडनको प्रक्रिया र स्वरूप विश्लेषण तथा मूल्याङ्कन गर्नका लागि प्रस्तुत लेखमा वर्गीयता, पितृसत्ता, पितृसत्तात्मक सङ्कथन, सामाजिक शासनव्यवस्था, सामाजिक कुसङ्केतन र प्रतिरोधलाई कथाविश्लेषणको आधारका रूपमा प्रयोग गरिएको छ । यिनै आधारहरू प्रयोग गरी विश्लेष्य कथालाई निम्नानुसारका उपशीर्षकहरूमा विश्लेषण गरिएको छ ।

### वर्गीयता

पितृसत्तात्मक समाजमा निम्नवर्गीय नारीहरूलाई सम्पत्तिको प्रलोभनमा पारी शोषण गर्ने गरिएको पाइन्छ । पितृसत्ता भनेको मूलभूत शक्तिलाई पुरुषले नियन्त्रणमा राखेर राजनीतिक नेतृत्व, नैतिक प्रभुत्व, सामाजिक प्राधिकार र सम्पत्तिमाथिको नियन्त्रणमा आफ्नो भूमिकालाई सर्वेसर्वा देखाउने सामाजिक पद्धति हो (एटम, २०७७, पृ. १०२) । यस्तो समाजमा निम्न आर्थिक अवस्था भएका

नारीहरूको अभाव पहिचान गरी पुरुषले सम्पत्तिलाई शोषण गर्ने बाटो र हतियारका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। रमेश विकल प्रगतिवादमा प्रतिबद्ध कथाकार भएकाले उनका कथामा गरिबी र यसबाट उत्पन्न हुने अनेक जटिल परिणामबारे सङ्केत गरिएको हुन्छ (श्रेष्ठ, २०७०, पृ. १०९)। प्रस्तुत कथामा रमाकान्तले छोरीलाई गरिबीबाट मुक्ति दिने उद्देश्यले असमान उमेरको व्यक्तिसित बिहे गरिदिँदा उसकी छोरी भगवतीको जीवन कहालीलाग्दो अवस्थामा पुगेको छ। धनको प्रलोभनमा परी उसले पन्ध्र वर्षकी छोरी भगवतीको विवाह पैँतालीस वर्षीय गोकुल पण्डितसित गरिदिएको छ। जायजन्म नभई गोकुल पण्डितको निधन भएपछि भगवती मानसिक तथा शारीरिक रूपमा शिथिल हुन पुगेकी छे। शारीरिक शिथिलताका कारण हाडमासु मात्र देखिएकी भगवतीलाई ठन्टी भनी उपनाम दिइएको छ। उसका पिता रमाकान्तले उसलाई पैँतालिस वर्षको गोकुल पण्डितसँग विवाह गरिदिनुको मुख्य कारण परिवारमा रहेको गरिबी नै देखिएको छ। यस विषयलाई प्रस्ट पार्दै कथाको प्रस्तुतिका क्रममा विकलले निम्नलिखित प्रसङ्ग प्रस्तुत गरेका छन् :

> भगवती डाँडापारिको सिमसिमे गाउँका एक जना सामान्य बाहुनकी छोरी थिइन्। पन्ध्र वर्षकै उमेरमा उनको विवाह सम्पत्तिको लोभले यस गाउँका गोकुल पण्डितसँग भएको थियो। गोकुल पण्डित चालिस वर्षका अर्धा वर थिए। केही वर्षअघि उनकी अघिल्ली स्वास्नी निःसन्तान मरेकीले उनले सन्तानका लागि अर्को विवाह गर्न खोजेका थिए, तर चालिस-पैँतालिसको अर्धो वरलाई आफ्नी छोरी कसले दिन्थ्यो हतपति! ...रमाकान्तले पहिले त आफ्नी बालक छोरी भगवतीलाई त्यति बढी उमेरको केटोलाई दिने मन गरेका थिएनन् तर पछि लमीले चारतिर देखाएर सम्झाउँदै सम्पत्तिको लोभ देखाएपछि उनी राजी भए। ...अनि त्यसको लगत्तै पछि बालक भगवतीको विवाह पैँतालिसवर्षे धनपति गोकुल पण्डितसित भएको थियो। तर नियतिको चक्र, भगवतीको सन्तान हुने बेलै नपुग्दै गोकुल पण्डित सन्निपातको ज्वरको बेथाले परमधाम भए। (पृ. ९५)

उद्धृत दृष्टान्तमा असमान उमेरका बिचमा कायम भएको वैवाहिक सम्बन्ध र त्यसको कारण प्रस्ट पारिएको छ। यसमा नेपाली समाजमा निम्नवर्गीय जनतालाई उच्चवर्गको प्रभुत्वमा कसरी पारिन्छ भन्ने यथार्थको उद्घाटन गरिएको छ। छोरी भगवतीलाई उमेर नपुगी तेब्बर उमेरको गोकुल पण्डितसँग विवाह गरिदिने रमाकान्तको निर्णयमा आर्थिक अवस्थाले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ। गरिबीबाट छुट्कारा दिलाउने उद्देश्य राखी रमाकान्तले छोरीलाई नाबालक भए पनि विवाहका लागि बाध्यात्मक अवस्था सिर्जना गर्नु, पिताका कारण वैवाहिक सम्बन्ध जोड्न तयार भएकी भगवतीले उत्पीडनका अनेक शृङ्खला छिचोल्नुजस्ता कथासम्बद्ध दृष्टान्तमार्फत भगवतीले भोग्नुपरेका उत्पीडनका लागि उसको निम्नवर्गीय पारिवारिक अवस्था नै जिम्मेवार रहेको पुष्टि हुन्छ।

## पितृसत्ता

पितृसत्ताले महिलाको आर्थिक, सामाजिक, राजनीतिक, नैतिकलगायतका अधिकारलाई नियन्त्रणमा लिएको हुन्छ। यसमा महिलाको उत्पादनमाथि र महिलाको श्रमशक्तिमाथि पुरुषको नियन्त्रण रहने चाँजो मिलाइएको हुन्छ। यो व्यवस्था हाबी भएको समाजमा पुरुषले महिलाद्वारा घरभित्र गरिने काम तथा घरबाहिर कमाउनका लागि गर्ने मजदुरी दुवैमा आफ्नो प्रभुत्व राख्दछ (पाण्डे, २०६९, पृ.१३)। पितृसत्ताका कारण नेपाली समाजमा नारीले उत्पीडनका अनेक अवस्था छिचोल्नुपर्ने बाध्यता सिर्जना

भएको देखिन्छ । यस कथामा विकलले लैङ्गिक उत्पीडनको विषयलाई कारणसहित प्रस्तुत गरेका छन् । असमयमा आफूभन्दा तेब्बर उमेरको पुरुषसँग विवाह गर्न बाध्य पारिएकी भगवतीले शारीरिक तथा मानसिक शिथिलता बेहोर्नुपरेको छ । पन्ध्र वर्षकी भगवतीले पैँतालिस वर्षको गोकुल पण्डितलाई अपनाउनु, गोकुल पण्डितको असामयिक निधन हुनु, भगवतीमा मानसिक तनाव सिर्जना हुनु, उसमा शारीरिक शिथिलताका अनेक सङ्केतहरू देखा पर्नुलगायतका घटनाले पितृसत्ताका कारण भगवतीका जीवनमा सिर्जना भएको उत्पीडनको अवस्थालाई प्रस्ट पारेका छन् । विकलले लेखेका छन् :

> "गाउँमा उनलाई ठन्टी काकी भन्थे । बाल्यकालमा बुढासँग बिहे भएकाले उनका सन्तान थिएनन् । मातृत्व बाँझो भएपछि शरीरको कमनीयता पनि रूखिँदै गएको देखियो । छाती चौरजस्तै सपाट भएकाले उनको कद औसतभन्दा अग्लो देखिएको थियो अनि शरीरको रस सुकेर मासुसहित हाडमा टाँस्सिन जाँदा रोगन कालो र जीउ नालुको सुको डन्ठीजस्तो ठर्रो देखिन्थ्यो । (पृ.९५)

कथाको यस प्रसङ्गमा भगवतीको शारीरिक शिथिलताको चित्रण गरिएको छ । उसको शरीरमा आएको शिथिलताका कारण उसलाई ठन्टी उपनाम दिइएको छ । सम्पत्तिको प्रलोभनमा पार्ने र पर्ने प्रक्रिया अपनाई उसको शरीरमाथि गरिएको राजनीतिको सन्दर्भ उद्घाटन गरी यस प्रसङ्गमा पितृसत्ताका कारण सिर्जित लैङ्गिक उत्पीडनको अवस्थालाई प्रस्ट पारिएको छ ।

पितृसत्तात्मक समाजमा पुरुष शक्तिको केन्द्रमा हुन्छ र लैङ्गिक हिसाबले महिलाहरू सीमान्तीकृत हुन्छन् । सामाजिक-सांस्कृतिक संरचनामा पुरुष शक्तिशाली हुँदा नारीहरू हक अधिकारविहीन र दमित हुन्छन् (पौडयाल, २०७९, पृ. २०२) । पितृसत्ताका कारण पुरुषको दमनको प्रत्यक्ष सिकार भएका नारीको अवस्थालाई प्रस्तुत गरी विकलले तत्कालीन नेपाली समाजको चरित्र उद्घाटन गरेका छन् । यस कथामा भगवतीले दमित नारीको प्रतिनिधित्व गरेकी छे । गोकुल पण्डित र रमाकान्त नारीद्वेषी चरित्रका रूपमा चित्रित छन् । सम्पत्तिको सुखभोगको उद्देश्य राखी रमाकान्तले छोरी भगवतीलाई असमान उमेरको गोकुल पण्डितको जिम्मा लगाएको छ । आफूभन्दा तेब्बर उमेरको गोकुल पण्डितको असमयमै निधन भएपछि भगवती उत्पीडनको भुमरीमा परेकी छे । सामाजिक शासनव्यवस्थाले उसलाई सामाजिक रूपमा बहिष्कार गर्ने अभियान सुरु गरेपछि उसले खेल तथा खानालाई आकर्षणको हतियारका रूपमा प्रयोग गरी बालबालिकाकालाई आफ्नो सहयात्री बनाएकी छे । उसको यस अभियानलाई पनि विफल तुल्याइएको छ । समाजबाट पूर्ण रूपमा बहिष्कृत भएपछि ऊ लेखनदास हेमे नेपालका सम्पर्कमा पुगेकी छे । उसलाई समाजबाट हटाएर सम्पत्ति कब्जा गर्ने अभियानमा लागेको गोकुल पण्डितको भतिजो हरिकृष्णले उसको यात्रामाथि व्यवधान सिर्जना गर्न अनेक अभियान सञ्चालन गरेको छ । त्यही अभियानका क्रममा हरिकृष्णको टोलीले भगवतीलाई घरैभित्र मृत अवस्थामा फेला पारेको छ । पितृसत्ताले सिर्जना गरेका अनेक अवरोधहरू छिचोल्दै जाँदा भगवतीले मृत्युवरण गर्नुपरेको परिदृश्य प्रस्तुत गर्ने क्रममा विकल लेख्छन् :

> ...गोविन्देले झ्याल खोल्यो । अब झ्यालबाट छिरेको एक मुस्लो प्रकाशले कोठाका एकएक वस्तुलाई सबैका आँखामा प्रस्टसँग तेर्स्याइदियो-खोपाका केही बासा अनि मुसाले दारिसकेका केही पुराना पुस्तकहरू, भित्ताका कीलामा झुन्डचाइएका केही पुराना अर्धाना लुगाहरू, खाटको सिरानपट्टि राखेको एउटा पुरानो टिनको ट्रङ्क । त्यहीनजिकै खटियामा निभेको टुकी, अनि

> खाटमा रहेका केही डसना, सिरक र तकिया । बस, सामानका नाउँमा तिनै थिए, खाटमा लमतन्न परेर लडेकी काकी भगवतीको शरीर । ...हरिकृष्ण पण्डितले काकीको नाकनिर हात राखेर हेऱ्यो श्वासप्रश्वासको कुनै पनि लक्षण थिएन । अनि नाडी र पिँडौँला छामेर हेऱ्यो- सम्पूर्ण शीताङ्ग । (पृ. १०२)

उद्धृत कथांशमा पितृसत्ताको लैङ्गिक प्रभाव प्रस्तुत भएको पाइन्छ। पितृसत्ताको चर्को उत्पीडनसँग लड्ने प्रतिरोधको उपयुक्त आधार निर्माण गर्न नसकेपछि भगवतीले मृत्युवरण गर्नुपरेको छ। भगवतीको प्रतिरोध हरिकृष्णले कायम गरेको प्रभुत्वका अघि कमजोर बन्न पुगेको छ । भगवतीको मृत्युमा पितृसत्तात्मक संस्कृति जिम्मेवार देखिएको छ । सम्पत्तिको प्रलोभनमा परी असमान वैवाहिक सम्बन्ध कायम गरिदिने रमाकान्त, सम्पत्तिको प्रलोभनमा पारी नाबालिकासित बिहे गर्ने गोकुल पण्डित र काकाको निधनपछि सम्पत्ति हात पार्ने दाउमा लागेको हरिकृष्णजस्ता चरित्रले गरेको पितृसत्ताको अभ्यास नै भगवतीको मृत्युको कारण बन्न पुगेको छ ।

## सामाजिक शासनव्यवस्था

संस्कृतिले दिशानिर्देश गरेको सामाजिक शासनव्यवस्थाका आधारमा सामाजिक व्यवहार गतिशील बन्दछ । मानिसको सामाजिक जीवन शारीरिक रूपमा होइन सांस्कृतिक रूपमा निर्धारित हुन्छ । जस्तो किसिमको सांस्कृतिक वातावरण छ त्यस्तै किसिमको सामाजिक व्यवहार पनि समाजमा व्याप्त रहेको हुन्छ (ज्ञवाली, २०७३, पृ. ४८) । प्रस्तुत कथामा विकलले हरिकृष्णजस्ता टाठाबाठाको नेतृत्वमा सामाजिक शासनव्यवस्था गतिशील भएको परिवेशको चित्रण गरेका छन् । कथामा अभिव्यक्त समाजमा हरिकृष्णले नेतृत्व प्रदान गरी भगवतीका विरुद्धमा समाजलाई उभ्याएको छ। सुरुमा भगवतीले सङ्घर्षका मैदानमा उत्रिएर आफूविरुद्ध रचिएको षड्यन्त्रलाई निस्तेज पार्न प्रतिरोधी कदम अघि बढाएकी छे । हरिकृष्णले सिङ्गो समाजलाई नै उसका विरुद्धमा उतारेपछि भने उसको आत्मबल कमजोर बन्दै गएको छ । विकलले लेखेका छन्– ..."हरिकृष्ण पण्डितको कुप्रचारको कारणले गाउँले, छिमेकी पनि बिस्तारबिस्तार उनीबाट टाढिँदै गए । ऐँचोपैँचो, भारापर्म, ज्यालाबनी पनि हम्मेसी गाउँलेबाट नपाउने स्थिति उनको बन्दै गयो । तर उनले त्यसको पनि पर्बाह नगरी पल्ला गाउँका श्रमिकहरूबाट आफ्नो खेतीपाती चलाउन थालिन्" (पृ. ९६) । कथाको यस प्रसङ्गमा सामाजिक शासनव्यवस्थाका कारण सिर्जना भएको लैङ्गिक उत्पीडनको अवस्था चित्रण गरिएको छ । यस प्रसङ्गमा पितृसत्तात्मक समाजमा सामाजिक शासनव्यवस्था कसरी पुरुषका नियन्त्रणमा रहन्छ र त्यो व्यवस्था नारीका विरुद्धमा कसरी परिचालन गरिन्छ भन्ने विषयलाई प्रस्ट पारिएको छ ।

हरिकृष्णले भगवतीका विरुद्धमा सिर्जना गरेको माहोल सामाजिक रूपमा वैधानिक बनी त्यसले मजबुत अस्तित्व प्राप्त गरेको छ । आफूविरुद्धको षड्यन्त्रलाई कमजोर पार्न भगवतीले भने त्यस समाजका बालबालिकालाई मनोवैज्ञानिक रूपमा प्रभावित पारी आफूतिर तान्ने प्रयत्न गरेकी छे । उसले दिएको खाना खाएपछि हरि लम्सालको छोरालाई झाडापखाला लागेको छ। यस घटनाको तीन दिनपछि त्यस बालकको निधन भएको छ । भगवतीविरुद्ध उत्रिएको हरिकृष्णका लागि यस घटनाले उसका विरुद्धमा वातावरण निर्माण गर्न उपयुक्त र उत्प्रेरक आधार प्रदान गरेको छ। यस घटनालाई प्रयोग गरी उसले भगवतीका विरुद्धमा सामाजिक माहोल तयार पारेको छ। यस प्रसङ्गलाई अघि सार्ने क्रममा विकलले निम्नलिखित प्रसङ्ग प्रस्तुत गरेका छन् :

यसरी हरिकृष्ण पण्डितले काकीमाथि लगाएको आरोपमा गाउँलेहरूको पनि लालमोहर लाग्यो । त्यसपछि त अलिअलि भएको गाउँलेसँगको सम्पर्क पनि टुट्यो । उनलाई गाउँमा छरछिमेकले मरेको बाख्रोलाई उपियाँले छोडेजस्तो पूरै छोडिदिए । ...अब उनीभित्र आत्मविश्वास पनि मर्दै गएको देखियो । निरपराधमा समाजबाट यसरी दण्डित हुनुपर्दा उनको मन अत्यन्त कातर भयो । मनमा उम्लेको अपार पीडालाई पोख्ने कुनै उपाय नपाउँदा उनी एकान्तमा अत्यन्त कातर भएर रुने गर्थिन् । अनि त्यतिले पनि मन शान्त नहुँदा उनी अन्यायको प्रतिकारमा घोर विद्रोहको राँको बाल्दै आँगनमा निस्केर सारा गाउँतिर हात नचाउँदै उग्र स्वरमा बहुलाउँथिन्- "हो, हो म बोक्सी हुँ । म डाइनी हुँ । मेरो नजिक कोही नआओ । म सबलाई खाइदिन्छु ।" (पृ. ९९)

उल्लिखित साक्ष्यमा सामाजिक शासनव्यवस्थाका कारण हिंसामा परेकी नारीको अवस्था प्रस्तुत गरिएको छ । यसमा हरिकृष्ण पण्डितले सामाजिक अभिमतलाई भगवतीविरुद्ध प्रयोग गरी उसलाई कसरी किनारीकरण गर्ने कार्यमा सफलता प्राप्त गरेको थियो भन्ने वास्तविकता सार्वजनिक गरिएको छ । सामाजिक कुसङ्केतनको सहयोग लिई प्रभुत्वशाली वर्ग सामाजिक शासनव्यवस्थालाई नियन्त्रणमा लिन कसरी सफल हुन्छन् भन्ने यथार्थको उद्घाटन गरी यस प्रसङ्गमा प्रभुत्व हासिल गर्ने शैलीको प्रक्रियामाथि विमर्श गरिएको छ । यही प्रक्रियालाई आधार बनाई हिंसाको यात्रा विस्तार हुँदा मानसिक रूपमा विक्षिप्त भई भगवतीले मृत्युवरण गर्न बाध्य बन्नुपरेको दृष्टान्त प्रस्तुत गरिएको यस कथांशमा लैङ्गिक उत्पीडनको कारण पहिचान गरिएको छ ।

## पितृसत्तात्मक सङ्कथन

सङ्कथन शक्तिभन्दा बाहिरको कुरा होइन । यो शासन गर्ने माध्यम हो । यसले के भन्न सकिन्छ, के भन्नु उपयुक्त हुन्छ, सत्यका परिसीमाहरू केके हुन्, आधिकारिक रूपमा कसलाई बोल्ने स्वीकृति छ, कहाँ कस्ता कुराहरू बोल्नुपर्छ भन्ने कुराको निर्धारण गर्छ (ज्ञवाली, २०७३, पृ. ४४) । पितृसत्तात्मक समाजमा नारीलाई कमजोर बनाउने दिशामा पुरुषनिर्मित सङ्कथन क्रियाशील हुने गर्दछ । पितृसत्ताले पुरुषविना नारीको जीवन हरेक दृष्टिकोणबाट अपूर्ण हुन्छ भन्ने मान्यता निर्माण गरेको पाइन्छ । यसै मान्यताका आधारमा नारीलाई हेर्ने सामाजिक दृष्टिकोण पनि निर्माण हुने गर्दछ । प्रस्तुत कथामा विकलले पितृसत्तात्मक सङ्कथनका आधारमा निर्मित सामाजिक व्यवहारको विषयलाई उल्लेख गरेका छन् । भगवतीका श्रीमान् गोकुल पण्डितको निधनपश्चात् उसमा आएको मानसिक तथा शारीरिक परिवर्तनको प्रसङ्ग उठान गर्ने क्रममा पितृसत्तात्मक सङ्कथन निर्माण भएको पाइन्छ । कथामा अभिव्यक्त पितृसत्तात्मक मान्यता प्रस्तुतिका क्रममा विकल लेख्छन् : "सन्तान नभएर बैला भएपछि आइमाईको शरीरबाट नारीत्वको रस सुकेर बाहिरी व्यक्तित्वमा पनि त्यसको प्रभाव पर्छ । त्यसैले उनको व्यक्तित्वमा पनि एउटा विचित्र खालको ठन्टीपन आएको थियो" (पृ. ९५) । उद्धृत दृष्टान्तमा नारीलाई हेर्ने पितृसत्तात्मक दृष्टिकोण प्रकट भएको छ । समाख्यातामार्फत अभिव्यक्त भएको यस विचारमा स्रष्टामानसको लैङ्गिक चेतना प्रकट भएको पाइन्छ । पितृसत्ताको प्रभाव कायमै रहेकाले नारीप्रति स्रष्टाको दृष्टिकोण उन्नत बन्न नसकेको वास्तविकता उल्लिखित दृष्टान्तमा अभिव्यक्त भएको देखिन्छ । पितृसत्ताले निर्माण गरेको सङ्कथनलाई आधार बनाई भगवतीजस्ता नारी चरित्रलाई सामाजिक रूपमा बहिष्कार गर्ने सिलसिला प्रारम्भ गरिएको छ ।

प्रस्तुत कथामा गोकुल पण्डितको निधनको कारणसित भगवतीको उपस्थितिलाई जोडेर हेरिएको पाइन्छ । गोकुल पण्डितको निधनको कारण भगवतीको उपस्थिति हो भन्ने धारणाले समाजमा स्थान

पाएको छ । यस परिस्थितिमा गोकुल पण्डितको उमेर, व्यवहार, आचरण र स्वास्थ्यको अवस्थाका बारेमा भने कतैबाट कुनै पनि विषय प्रकट भएको पाइँदैन । भगवतीले बेहोर्नुपरेको बाध्यात्मक अवस्थाका बारेमा भने कसैले पनि कुनै अभिव्यक्ति दिएको देखिँदैन । कथाको प्रसङ्ग अघि बढाउने क्रममा कथाकार लेख्छन् :

> भगवती विधवा भएपछि गाउँघर, छरछिमेकका मानिसले उनलाई अलि तिरस्कारको दृष्टिले हेर्न थाले, किनभने उनीहरूका दृष्टिमा गोकुल पण्डितको यो असमयको मृत्युको कारण उनी नै थिइन् । उनलाई यो बुढेसकालमा विवाह गरेर नल्याएका भए गोकुल पण्डित यति चाँडो मर्ने थिएनन् भन्ने एउटा बचकाना धारणा गाउँलेले बनाएका थिए । गाउँलेको त्यस धारणालाई बेलाबखत फुकेर प्रज्वलित गर्ने हरिकृष्ण पण्डित थियो । ..."लौ भन्नोस् त ठाइँला बा ! हाम्रा काकाले उनलाई बिहे नगरेका भए उनको यति चाँडो अन्त्य हुने थियो त ? त्यो आइमाई अवश्यै औँस्याइ अथवा कुनै निचो ग्रहकी हुनुपर्छ । नत्र त त्यस्ता बुढालाई त्यस्ती कलिली छोरी कुन आँखा फुटेको बाबुले दिन्छ, लौ हो कि होइन ?"- हरिकृष्ण पण्डित गाउँघरका बुढापाका जम्मा भएर गफ चल्दा ठाइँला भण्डारीसँग भन्थे, किनभने ठाइँला भण्डारी गोकुल पण्डितपछिका गाउँका थकाली र बुज्रुक मानिन्थे । (पृ. ९६)

प्रस्तुत दृष्टान्तमा नारीविरुद्ध निर्मित पितृसत्तात्मक सङ्कथन सार्वजनिक गरिएको छ । यसमा धनको प्रलोभन देखाई बिहे गर्न बाध्य पारिएकी भगवतीको श्रीमान् गोकुल पण्डितको निधनपछि समाजले उसका विरुद्धमा निर्माण गरेको धारणा अघि सारिएको छ । भगवतीसित बिहे नभएको भए गोकुल पण्डितको निधन हुने थिएन, ऊ औँस्याइ हो, ऊ निचो ग्रहकी मानिस हो, उसमा खराबी नभएको भए बुढो गोकुलसित उसको बिहे गरिदिने थिएनन्, गोकुलको मृत्युमा ऊ नै जिम्मेवार छे भन्ने जस्ता आरोप भगवतीमाथि थोपरेर निर्माण गरिएको पितृसत्तात्मक सङ्कथनका कारण भगवतीले उत्पीडनको भारी बोक्नुपरेको छ । प्रस्तुत कथांशमा पितृसत्तात्मक सङ्कथनसम्बद्ध सामाजिक शासनव्यवस्थाको परिचय दिइएको छ ।

## सामाजिक कुसङ्केतन

समाजको संरचना, समाजको शैक्षिक स्तर, जनचेतना, समाजमा परम्परित रूपमा रहेका चलनचल्ती, संस्कार एवं समाजमा बसोबास गर्ने मानिसहरूको आर्थिक अवस्था, रोजगारीको अवसरलगायतका कारणले पनि नारी दमन र उत्थानमा अहं भूमिका खेल्दछन् (बरई, सन् २०१९, पृ. २३०) । पितृसत्तात्मक समाजमा सामाजिक कुसङ्केतनलाई अघि सारी सङ्कथन निर्माण गरेर लैङ्गिक प्रभुत्व कायम गर्न पुरुषनेतृत्व अग्रसर हुने गर्दछ । प्रस्तुत कथामा विकलले सामाजिक कुसङ्केतनका पृष्ठाधारमा निर्माण भएको पितृसत्तात्मक सङ्कथनको दृष्टान्त प्रस्तुत गरेका छन् । कथाअनुसार, गोकुल पण्डितको निधनपश्चात् उसैको भतिजो हरिकृष्णका नेतृत्वमा भगवतीलाई सामाजिक रूपमा बहिष्कार गर्ने प्रक्रियाको थालनी गरिएको छ । गोकुल पण्डितको सम्पत्ति आफ्नो बनाउने उद्देश्यमा केन्द्रित भई हरिकृष्णले यस्तो यात्रा थालनी गरेको छ । पितृसत्ताविरुद्ध एकल सङ्घर्षमा उत्रिएकी भगवतीले बालबालिकाको साथ लिएर प्रतिरोधको प्रयास गरेकी छे । बालबालिकाको साथबाट पनि उसलाई विमुख गराउन हरिकृष्णको टोलीले सामाजिक कुसङ्केतनलाई हतियारका रूपमा प्रयोग गरेको छ । उनीहरूको यस्तो प्रयत्नलाई कथामा प्रस्तुत गर्ने क्रममा विकलले निम्नलिखित प्रसङ्ग अघि सारेका छन् :

...चुलामा बसेकी आमाचाहिँ बाबुकै रङमा रङ्गिएर छोरालाई झपट्दै भन्थिन्- "त्यो बुढी टुन्याही छ । तिमीहरूलाई टुनाले लट्ठ्याएर एक दिन बोक्सी देवतालाई भोग दिन लान्छे अनि ..." ..."हो, कान्छा ! भनेको मान् ।"- बाबु सही थप्थ्यो- "देखिनस् उसलाई बिहे गरेर ल्याएको एकदुई वर्ष बित्न नपाउँदै तेरा हजुरबा, गोकुल काका मरे कि मरेनन् ? हो, उनलाई त्यही बोक्सीले टोकेकी हो । लौ अबदेखि त्यसका नजिक नजानू ।" ...गाउँका अरू निमुखा आमाबाबु पनि काकीको दुस्मन बन्न पुगेका थिए । ..."नजाओ है बाबै ! त्यस बोक्सीका नजिक नजाओ"- उनीहरू पनि बेलुकी आफ्ना छोराछोरीलाई हप्काउँथे- "त्यसले दिएको खानेकुरो पनि नखानू । त्यसले त केटाकेटीलाई बोक्सीलाई बलि दिन्छे ।" (पृ. ९८)

उद्धृत कथांशमा तत्कालीन नेपाली समाजमा व्याप्त सामाजिक कुसङ्केतनको अवस्था प्रस्तुत गरिएको छ । यस्तो कुसङ्केतन लैङ्गिक उत्पीडनका पृष्ठाधारमा निर्माण भएको देखिन्छ । भगवतीलाई सामाजिक रूपमा बहिष्कार गर्नका लागि हरिकृष्ण पण्डितको नेतृत्वमा यस प्रकृतिको सामाजिक कुसङ्केतन प्रस्तुत गरिएको छ । यस दृष्टान्तमा पितृसत्तात्मक सङ्कथनको निर्माण प्रक्रियाको समीक्षा गरिएको छ । सामाजिक कुसङ्केतनको सहायता लिई निर्माण गरिएको पितृसत्तात्मक सङ्कथन नै भगवतीमाथि उत्पीडन कायम गर्ने उपयुक्त माध्यम बन्न पुगेको छ । सामाजिक कुसङ्केतनलाई हतियारका रूपमा प्रयोग गरी लैङ्गिक उत्पीडनको प्रक्रियालाई मजबुत बनाइएको छ ।

हरिकृष्णको नेतृत्वमा पितृसत्तात्मक सङ्कथनको शासनलाई अस्तित्व प्रदान गरी त्यसलाई भगवतीविरुद्ध प्रयोग गरिएको प्रसङ्ग विकलले कथामा प्रस्तुत गरेका छन् । महिलावर्गलाई प्रयोग गरी सामाजिक कुसङ्केतनका माध्यमबाट हरिकृष्णले भगवतीमाथि हिंसाको सिलसिला अघि बढाएको छ । सामाजिक कुसङ्केतनका पृष्ठाधारमा निर्मित पितृसत्तात्मक सङ्कथनलाई महिलाहरूको समूहमार्फत जनस्तरमा तीव्र रूपमा प्रचार गरिएको छ । हरिकृष्णकी श्रीमती, शिवेकी श्रीमती, झम्केजस्ता नारी चरित्रलाई यस कार्यमा सक्रिय बनाइएको प्रसङ्ग कथाकारले प्रस्तुत गरेका छन् । विकल लेख्छन् :

कुरा के भयो भने छिमेकको हरि लम्सालको छोरो एक दिन सधैँझैँ बेलुकी काकीले दिएको खानेकुरो खाएर काकीका बाट राम्राराम्रा कथा सुनेर घर फर्केको, त्यसै दिन आधारातदेखि एक्कासि झाडापखाला लागेर तीन दिनको दिन मर्‍यो । अनि त काकीको बोक्सी-रूप प्रमाणित गर्न अरू के चाहियो र ! ..."देख्यौ त्यस ठन्टीको करामत !"- हरिकृष्ण पण्डितकी बाहुनीले बिहान पनेरामा घुँडामाथि फरिया सार्दै डुङ्ग्री पिटाई- "मैले भनेकी होइन यो डाइनीले गाउँमा कसकसका घरमा आगो लाउँछे भनेर ...! गतिली र लच्छिनकी भएकी भए घर भित्रिएको दुई वर्षैपछि पोइ टोक्थी !" ...शिवेकी चनमती स्वास्नीले कुरो थपी- "त्यो ठन्टी अलच्छिनी छ भनेर त मैले उहिल्यै चाल पाएकी । हाम्रा बुढा एक दिन अड्डाको कामले सहर गएका झन्डै मुद्दा हारेर झ्यालखान परेका । ...पछि यसो बुझ्दा त घरबाट निस्कँदा त्यही ठन्टीको मुख देख्न पुगेछन्, त्यसैले पो ।" ...झम्केले पनि आफ्नो नाकको झम्केफुली हल्लाउँदै नक्कलझक्कल झिक्तै भनी- "हो बाबै ! गाउँमा कहीँ शुभ कामले कतै निस्कन लाग्यो भने तगारामा आएर ठन्ठन्ती परेर उभिन्छे, डाइनी राँड । त्यसैले हाम्रा बुढा त कस्तै काममा जान लागेका भए पनि त्यसको मुख देखे भने तुरुन्तै घर फर्किन्छन् ।" (पृ. ९८-९९)

उल्लिखित साक्ष्यमा कुसङ्केतनको सामाजिक अभ्यासको प्रक्रिया प्रस्तुत गरी लैङ्गिक हिंसाको कारणलाई प्रस्ट पारिएको छ । नेपाली समाजमा नारीमा रहेको पितृसत्तात्मक सञ्चेतनाको अवस्था उद्घाटन गरिएको यस प्रसङ्गमा यस्तो व्यवहारका कारण सिर्जित लैङ्गिक हिंसाको अवस्था मूल्याङ्कन गरिएको छ । भगवतीलाई गाउँनिकाला गरी सम्पत्ति हात पार्न हरिकृष्णले सामाजिक कुसङ्केतनलाई माध्यम बनाएर रचेको षड्यन्त्रको सन्दर्भ अभिव्यक्त गरी यस कथांशमा लैङ्गिक उत्पीडनको प्रक्रियालाई चिनाइएको छ । यसमा संयोगले घट्ने नकारात्मक प्रकृतिका घटनालाई लिएर नारीविरुद्ध नारीलाई नै प्रयोग गरी हाम्रो समाजमा नारीविरुद्ध कसरी सामाजिक माहोल सिर्जना गरिन्छ भन्ने यथार्थको उद्घाटन गरिएको छ । यसबाट नेपाली समाजमा रहेको लैङ्गिक हिंसाको प्रक्रिया र स्वरूप उद्घाटित भएको छ ।

## प्रतिरोध

प्रतिरोध उत्पीडनसँगै विकास हुने विषय हो । उत्पीडन नै प्रतिरोधको कारण हो । विभिन्न माध्यम र तरिकाबाट प्रतिरोध प्रकट हुने गर्दछ । प्रस्तुत कथामा लैङ्गिक उत्पीडनको प्रत्यक्ष प्रभावमा परेकी पात्र भगवतीमा प्रतिरोध जागृत भएको छ । भगवती चरणबद्ध हिंसा बेहोर्न बाध्य चरित्र हो । पन्ध्र वर्षकै उमेरमा उसको विवाह पैँतालिस वर्षको गोकुल पण्डितसित गरिदिएर उसको बाबु रमाकान्तले उसलाई हिंसा गरेको छ । उसको श्रीमान् गोकुल पण्डितको असामयिक निधनपछि भतिजो हरिकृष्णले उसका विरुद्ध षड्यन्त्र रचेको छ । उसले सामाजिक कुसङ्केतनलाई पृष्ठभूमिमा राखी पितृसत्तात्मक सङ्कथन निर्माण गरेर भगवतीलाई सामाजिक रूपमा बहिष्कार गर्नका लागि माहोल सिर्जना गरेको छ । भगवतीले आफ्नो क्षमताले भ्याएसम्म प्रतिरोधको प्रयत्न गरेकी छे । कथाकारले लेखेका छन् : "सुरुसुरुमा त भतिजो पर्ने त्यस हरिकृष्णको र गाउँलेहरूको तिरस्कारले केटाकेटी (यतिखेर भगवती अब अठार-उन्नाइसकी मात्र भएकी थिइन्) भगवती ज्यादै अत्तालिइन् तर श्रमिक बाबुआमाकी छोरी भएकी र सानैदेखि दुःखसुखको राम्रै पहिचान गरिसकेकीले उनले निकै धैर्य गरेर लोग्नेले छोडेको सबै सम्पत्तिको चाँजो आफ्नै हातमा लिएर त्यसको सञ्चालन गर्न थालिन्" (पृ. ९६) । यसका साथै भगवतीले बालबालिकालाई आफूतर्फ आकर्षित गरी हरिकृष्णले सामाजिक रूपमा उसलाई एक्लो बनाउन रचेको षड्यन्त्र विफल पार्ने प्रयत्न गरेकी छे । कथाको प्रसङ्ग अघि सार्दै विकल लेख्छन् : "भगवतीको सम्पूर्ण ममता र वात्सल्य गाउँ, छरछिमेकका यिनै बालगोपालहरूमाथि पोखिन थाल्यो । उनको आह्वानमा गाउँभरका केटाकेटी उनीकहाँ जम्मा हुन्थे । हाहाहूहू गर्थे । ...यसरी जन्मकी परित्यक्ता, ठुलाहरूका ईर्ष्या र डाढो अनि लोभको दावानलमा सल्कने नियति लिएर आएकी बालविधवा भगवती काकीले आफ्नो बाँच्ने सामल अबोध र निर्दोष बालबालिकाको मायामा जुटाइन्" (पृ.९७) । प्रस्तुत प्रसङ्गमा भगवती पात्रले पितृसत्ताका विरुद्धमा अघि बढाएको शालीन प्रतिरोधको परिचय दिइएको छ । भगवती पात्रका माध्यमबाट कथाकारका मानसको सांस्कृतिक प्रतिरोधसम्बद्ध सबल चेतना उद्घाटित भएको छ ।

भगवतीको प्रतिरोध पितृसत्ताका विरुद्धमा उत्रिए पनि त्यसले पितृसत्ताको सङ्गठित दबाबलाई थेग्न भने सकेको छैन । उसको प्रतिरोध क्रमशः कमजोर बनी अन्ततः मृत्युमा पुगी टुङ्गिएको छ । यति हुँदा हुँदै पनि उसले कानुनी मान्यताको सहायता लिई हरिकृष्णले थालेको यात्रालाई वैधानिक रूपमै निस्तेज पार्ने प्रयत्न गरेकी छे । मृत्युवरण गर्नुअघि उसले सबै सम्पत्ति विद्यालय, पुस्तकालय र

अस्पताललाई हस्तान्तरण गर्न दानपत्र तयार पारिदिएकी छे। यस कार्यलाई अघि बढाई ऊ हरिकृष्णको सपनाका विरुद्धमा उभिएकी छे। भगवतीले थालेको प्रतिरोधी यात्राको प्रसङ्गलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> लासको सद्‌गतको कार्य सम्पन्न भएपछि अब गोकुल पण्डितको वारिस पनि हरिकृष्ण पण्डित भयो। एक दिन सबै गाउँलेका रोहबरमा गोकुल पण्डितको जायजेथा केलाए। सबै कागजपत्रका माझमा एउटा सिकारु अक्षरले दायाँ-बायाँ बुढी औँलाको ल्याप्चे सही गरेको एउटा दानपत्रको कागत थियो। रीतपूर्वक साक्षी किनारमा लेखिएको र रीतपूर्वकको पुच्छ्रे सहीसमेत भएको त्यो कागत सबैले उत्सुकतासाथ पढे। सबै पढिसकेपछि मुखिया बुढाले आधी दया र आधी व्यङ्ग्यको स्वरमा भने- "हरि ! तिमीलाई त ठन्टीले हिस्याइदिइछ। गोकुल पण्डितको भएभरको चल-अचल सम्पत्ति केटाकेटीको भलो हुने काम स्कुल, पुस्तकालय, अस्पताल यस्तैमा लगाइदिनू भनेर दानपत्र लेखेर मरिछ।" (पृ. १०२)

उद्धृत कथांशमा लैङ्गिक प्रतिरोधको अवस्था सार्वजनिक गरिएको छ। भगवती पात्रले पितृसत्ताका विरुद्ध गरेको प्रतिरोधको प्रसङ्ग उठान गरिएको यस प्रसङ्गमा प्रतिरोधी चेतनाको परिचय प्रकाशित भएको छ। सामाजिक कुसङ्केतनलाई पृष्ठभूमिमा राखी हरिकृष्णका सक्रियतामा निर्माण भएको पितृसत्तात्मक सङ्कथन र त्यसका आधारमा निर्मित भगवतीको सामाजिक बहिष्करणको प्रक्रियालाई हरिकृष्णले काका गोकुलको सम्पत्ति कब्जा गर्ने अभियानमा केन्द्रित गरेकामा भगवतीले आफ्नो मृत्युपूर्व नै दानपत्र तयार पारिदिएपछि हरिकृष्णको अभियान अवरुद्ध हुनपुगेको प्रसङ्ग उल्लेख गरिएको यस दृष्टान्तमा स्रष्टामानसको लैङ्गिक चेतना उद्घाटित भएको पाइन्छ। यसमा लैङ्गिक उत्पीडनविरुद्ध निर्माण गरिएको प्रतिरोधको दृष्टान्त प्रकटित छ।

## निष्कर्ष

रमेश विकलको *ठन्टी काकी* कथामा निम्नवर्गीय नारीले शोषित तथा उत्पीडित हुनुपरेको सामाजिक सन्दर्भ उद्घाटन गरिएको छ। यसमा लैङ्गिक उत्पीडनको कारण तथा प्रवृत्तिको विश्लेषण गरिएको छ। पितृसत्ता नै लैङ्गिक उत्पीडनको कारण हो भन्ने मान्यता अघि सारिएको यस कथामा नारीमाथि हुने हिंसा र दमनको प्रक्रिया पहिचान गरी त्यसको समीक्षा गरिएको छ। गरिबीमा गुज्रिएको रमाकान्तले छोरी भगवतीलाई धनका प्रभावमा परी विवाहका नाममा तेब्बर उमेरको गोकुल पण्डितका हातमा सुम्पिएको दृष्टान्तमा वर्गीयता नै लैङ्गिक उत्पीडनको कारणका रूपमा चित्रित छ। यसका साथै पितृसत्तात्मक सङ्कथनका पृष्ठाधारमा नारीमाथि विस्तार गरिएको उत्पीडनको विषयलाई यस कथामा प्रस्ट पारिएको छ। गोकुल पण्डितको असामयिक निधनपछि काकाको सम्पत्ति हात पार्ने उद्देश्यमा अग्रसर हरिकृष्णले भगवतीलाई सामाजिक रूपमा बहिष्कार गराउनका लागि पितृसत्तात्मक सङ्कथनको शासन सञ्चालन गरेको छ। उसको यस कार्यबाट प्रभावित भई भगवतीले उत्पीडनको शृङ्खलाबद्ध आक्रमण बेहोर्नुपरेको छ। हरिकृष्णले भगवतीलाई सामाजिक रूपमा पतन गराउनका लागि सामाजिक कुसङ्केतनलाई हतियारका रूपमा प्रयोग गरेको छ। सामाजिक कुसङ्केतनका पृष्ठाधारमा पितृसत्तात्मक सङ्कथन निर्माण गरी हरिकृष्णले नारीको अस्मिता र अस्तित्व अन्त्यका दिशामा लैङ्गिक हिंसासम्बद्ध गतिविधि विस्तार गरेको छ। हरिकृष्णले निर्माण गरेको उद्देश्यका पृष्ठाधारमा भगवतीले मृत्युवरण गर्नुपरेको छ। सामाजिक रूपमा बहिष्कार गराउन सफल हरिकृष्णको

षड्यन्त्रसँग लड्नका लागि भगवतीले बालबालिकालाई आफ्नो पक्षमा ल्याउनु तथा आफ्नो श्रीमान्का नाममा रहेको सम्पत्ति विद्यालय, पुस्तकालय र अस्पतालका नाममा लेखिदिनुजस्ता कार्यलाई भगवतीको प्रतिरोधी कदमका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । उसको असङ्गठित र कमजोर प्रतिरोध हरिकृष्णका नेतृत्वमा विकसित पितृसत्ताको मजबुत अस्तित्वका विरुद्धमा उभिन भने सकेको छैन । पितृसत्ताको उत्पीडनविरुद्ध प्रतिरोधको प्रयत्न गरे पनि मृत्युवरण गर्न बाध्य भएकी भगवतीको अवस्थामार्फत यस कथामा तत्कालीन समाजका नारीको अधीनस्थ अवस्थाको विवेचना गरिएको छ । नारीको निम्न आर्थिक हैसियत, कमजोर चेतनास्तर, पितृसत्ताको दमनकारी चरित्र र नारीद्वेषी सामाजिक शासनव्यवस्था नै लैङ्गिक उत्पीडनका कारण हुन् भन्ने सन्देश दिन सफल प्रस्तुत कथामा तत्कालीन नेपाली समाजका नारीको अवस्था प्रस्तुत गरिएको छ ।

**सन्दर्भ सामग्रीसूची**


एटम, नेत्र (२०७७ साउन-पुस). 'मोदि आइन उपन्यासमा पर्यावरणीय नारीवाद'. *प्रज्ञा १२०*(२), पृ. ९९-११० ।

खनाल, राजेन्द्र (२०७१). *नेपाली उपन्यासमा लैङ्गिक चेतना.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

ज्ञवाली, विष्णुप्रसाद (२०७३). *सांस्कृतिक अध्ययन र विकलका उपन्यास.* तन्नेरी प्रकाशन ।

घिमिरे, निमग्ना (२०७७ माघ-२०७८ असार). अर्की आइमाई उपन्यासको लैङ्गिक अध्ययन. *प्रज्ञा १२१*(१), पृ. १२०-१२९ ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

पुन, अनिता (२०७७). *विजय मल्लका उपन्यासमा लैङ्गिकता.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौड्याल, शालिकराम (२०७८ माघ-२०७९ असार). छाउपडी उपन्यासमा लैङ्गिकता. *प्रज्ञा १२२*(१), पृ. १९८-२०७ ।

बरई, त्रिभुवन (सन् २०१९ डिसेम्बर). एउटा छर्लङ्ग प्रेमकथामा नारीवादी स्वर. *Tribhuvan University Journal* ३३(२), पृ. २२३-२३२ ।

भट्टराई, रमेशप्रसाद (२०६८). 'लैङ्गिक समालोचना'. *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड).* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). रत्न पुस्तक भण्डार, पृ. २५९-२७३ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

भण्डारी, यादवप्रसाद (२०७२). *अलिखित उपन्यासको सांस्कृतिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

विकल, रमेश (२०५५/२०६३). *हराएका कथाहरू* (दोस्रो संस्क.). साझा प्रकाशन ।

शर्मा, तुलसी (२०७८ माघ-२०७९ असार). उत्सर्ग उपन्यासमा लैङ्गिकता. *प्रज्ञा १२२*(१), पृ. ५४-६५ ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

Jan, Jariah Mohd. (2017 July). Theories of Gender and Power differences : A Discussion. *Journal of Modern Languages 15*(1), p. 121-133.

Pilcher, Jane & Whelehan, Imelda (2004). *50 Key Concepts in Gender Studies*. SAGE Publications.